सङ्घीय संसद्
राष्ट्रिय सभा
एक्काइसौं अधिवेशन
बैठक-४७
सूचनापत्र-२
(बैठकको काम कारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : १:२१ बजे
बैठक स्थगित :४:०८ बजे

नेपाल सम्वत्:- ११४६ २०८३ असोज २ गते शुक्रबार

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौं अधिवेशनको सट्चालिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य पुजा चौधरीले ३ वर्षीया बालिकाको बलात्कार र हत्यामा संलग्नलाई बालसुधार गृहमा पठाउनु र अन्यलाई धरौटीमा छोड्नु न्यायोचित नभएको उल्लेख गर्दै अपराधिक मनोवृत्ति भएका व्यक्तिलाई समाजमा खुला छोड्न नहुने र दोषीलाई जन्मकैदको मागसहित सरकारको ध्यानाकर्षण गराउनुभयो।
माननीय सदस्य रुकमिणी कोइरालाले देशका विभिन्न ठाउँमा भएका महिला हिंसाका घटनाहरुको विवरण उल्लेख गर्दै माननीय गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो।
माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले सर्वोच्च अदालतमाथि पटक पटक भएका आक्रमण नियोजित भएको उल्लेख गर्दै उच्चस्तरीय छानबिन समिति बनाई दोषीलाई कडा कारबाही गर्न सरकारसँग माग गर्नुभयो।
माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले रसुवा जिल्लाका विभिन्न गाउँपालिकामा सडकमार्ग अवरुद्ध भएकाले हेलिकप्टर तथा ड्रोनबाट आवश्यक खाद्यसामाग्री, औषधीलगायतको आपूर्तिको व्यवस्था गर्न र तत्काल सडकमार्ग सुचारु गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रादेशिक समयमा** बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः
माननीय सदस्य मोहम्मद खालिदले सङ्घीयताको सबलीकरणका लागि अत्यावश्यक कानूनको निर्माणमा ढिलाइ भएको, कर्मचारी व्यवस्थापनमा सङ्घीय सरकार र विशेषतः मधेश प्रदेश सरकारसँग समन्वय हुन नसकेको, जनसंख्या तथा जनघनत्व अनुरुप बजेट वितरण हुन नसकेको, पूर्वाधार निर्माणमा भएको ढिलाइलगायत विषय उजागर गर्नुभयो। तीन तहको सरकारको समन्वयमा मात्र संविधान कार्यान्वयन हुनेमा जोड दिँदै राज्यले संविधानतः उल्लेखित दायित्व पुरा गर्न नसकेको बताउनुभयो। स्थानीय तथा प्रादेशिक निर्वाचन अगावै जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिनुपर्ने र राजदूतलगायत राजनीतिक नियुक्तिमा समावेशीकरणको मान्यताको व्यवहारिक कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।
माननीय सदस्य कमला पन्तले गण्डकी प्रदेशका जिल्लाहरुका विशेषताबारे चर्चा गर्दै इतिहास, पहिचान, सम्भावना, चुनौती र भविष्य सम्बन्धमा धारणा व्यक्त गर्नुभयो। विभिन्न प्राकृतिक, धार्मिक, सांस्कृतिक,

साहसिक पर्यटकीय स्थल उल्लेख गर्दै प्रमुख पर्यटकीय नगरी पोखरामा आउने पर्यटकलाई अन्य जिल्लामा समेत पुऱ्याउन तथा टिकाइराख्न एकीकृत पर्यटकीय सर्किटको निर्माण एवम् स्वच्छता, सुरक्षा, आतिथ्यता, पर्यटक गाइड, पर्यटन सूचनालगायत विषयमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। त्यसैगरी, जलवायू परिवर्तनका कारण हिमनदी तथा हिमताल उच्च जोखिम रहेको उल्लेख गर्दै जोखिमको नक्शांकन, व्यवस्थित वस्ति विकास, नागरिक तहसम्म सूचना प्रवाह, पूर्वसूचना प्रणालीको क्षमता विकास, अन्तर निकाय समन्वय, विज्ञान र स्थानीय ज्ञानको एकीकरण गर्नुपर्ने बताउनुभयो। गाउँस्तरसम्म पूर्वाधार विकास हुँदै गएपनि बसाइसराइ नियन्त्रण हुन नसकेको तथा युवावर्गलाई टिकाउन नसकिएको उल्लेख गर्दै गाउँलाई बस्न लायकसँगै आर्थिक गतिविधिमार्फत कमाउन सकिने बनाउनुपर्ने जिकिर गर्नुभयो। इतिहासको सम्मान, प्रकृतिको संरक्षण, हिमालको सुरक्षा, नदी र जलस्रोतको दिगो उपयोग, संस्कृति र अर्थतन्त्रको एकीकरण, युवालाई अवसर प्रदानलगायतका विषयमार्फत सम्पूर्ण प्रदेशको आ-आफ्नो विशिष्टता अनुरुप विकास गर्दै समग्र मुलुकको समृद्धिमा केन्द्रित हुन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

माननीय सदस्य उर्मिला अर्याललेे भू-राजनीतिक रुपमा संवेदनशील, उच्च जनसंख्या तथा जनघनत्व, प्रचुर सम्भावना, व्यापार तथा पारवाहानमा भूमिका, अन्तरदेशीय सामाजिक तथा सांस्कृतिक सम्बन्धका बाबजुत औषत आय, रोजगारी, बहुआयामिक गरिवी, मावन विकास सूचकाङ्क लगायतमा सबैभन्दा पछाडी परेको प्रदेशको रुपमा मधेश प्रदेश रहनुलाई बिडम्बनाको रुपमा उल्लेख गर्दै चुरे संरक्षण, कृषि प्रशोधन उद्योगको पुनःसंचालन, सुकुम्बासी व्यवस्थापन, प्राविधिक शिक्षाको विस्तार, स्वास्थ्य सेवाको स्तरोन्नतीसँगै मानवपुँजी निर्माणको आवश्यकता औंलाउनुभयो। नागरिकता सम्बन्धी समस्या समाधान, समावेशीकरण, रोजगारी, पर्यटकीय तथा धार्मिक स्थलको पुनर्उत्थान एवम् अतिक्रमित जग्गा फिर्ता, संस्थागत सुशासनको सुनिश्चितताका साथै समाजिक न्याय तथा समानता कायम गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रोश्री मेचेले संविधानतः नेपालको सङ्घीय शासन प्रणाली सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेतापनि तीन तहबीच समन्वय हुन नसकेको, सङ्घीय निजामती सेवा ऐन तथा प्रहरी ऐनजस्ता आधारभूत कानून निर्माण हुन नसकेको, वित्तीय सङ्घीयता प्रभावकारी हुन नसकेको, प्रदेश तथा स्थानीय तहको स्वायत्ततामा अङ्कुश लागेको, साझा अधिकारको क्षेत्राधिकारमा देखिएको दोहोरोपनाजस्ता विषय उल्लेख गर्नुभयो। कोशी प्रदेशको सोलुखुम्बु जिल्लास्थित महाकुलुङ गाउँपालिकामा आएको पहिरोको चर्चा गर्दै विपद् व्यवस्थापमा स्थानीय तह स्रोत साधनविहीन रहेको बताउनुभयो। त्यसैगरी, धनकुटा जिल्ला अस्पतालको भवन निर्माणमा ढिलाइ भएको उल्लेख गर्दै निर्माण व्यवसायीलाई प्रदेश सरकारले नियन्त्रण र कारबाही गर्न नसक्ने अवस्था रहेको तथा सालको काठ उपयोग गर्न नसक्दा राजस्व घटिरहेको बताउनुभयो। स्थानीय सरकारलाई प्रदान गरिएको माध्यमिक शिक्षासम्मको अधिकारको व्यवस्थित प्रयोग, स्थानीय न्यायिक समितिका निर्णयको प्रभावकारी कार्यान्वयन, बजार अनुगमनमार्फत दण्ड, सजायको प्रभावकारिता जस्ता विषय उल्लेख गर्दै अधिकारसँगै स्रोत साधन सम्पन्न बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सुरेश कुमार आलेमगरले गण्डकी प्रदेशको नामाकरणको पृष्ठभूमी स्मरण गर्दै यस प्रदेशले हिमाल, पहाड, तराई तथा कर्णालीसमेतको अनुभूती दिलाउने उल्लेख गर्नुभयो। गण्डकी प्रदेश अन्तर्गत पृथ्वी राजमार्ग तथा सिद्धार्थ राजमार्गको स्तरोन्नती, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडानको व्यवस्थापन सम्बन्धमा ध्यानाकर्षण गराउनुभयो। सन् १९८० मा सरकारी संयन्त्रबाट पहिचान प्राप्त तनहुँको बन्दिपुरमा रहेको सिद्ध गुफाबारे चर्चा गर्दै चार दिन तीन रातका लागि उपयुक्त हुने विशालनगर-सिद्धगुफा-बन्दिपुर-छिम्केश्वरी डाँडा-सेती नदी ट्रेकिङ रुटको सम्भाव्यता बारे व्याख्या गर्नुभयो। गण्डकी

प्रदेशस्थित मुस्ताङ जिल्लामा युरेनियम, बागलुङ तथा म्याग्दी जिल्लामा स्लेट ढुङ्गा र तनहुँको भानु नगरपालिका रहेको सम्भावित तामाखानीलगायतको सम्भावना एवम् खानी तथा खनिजको अन्वेषणसम्बन्धी स्पष्ट कानूनी व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

माननीय सदस्य मीनासिंह रखालले तीन तहका सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भएकाले सोही सिद्धान्तमार्फत प्रदेश तथा स्थानीय तहलाई सक्षम बनाउनुपर्ने बताउँदै जनताले पाउने अधिकार र सामाजिक न्यायका आधारमा यसको मूल्याङ्कन हुने बताउनुभयो। सामाजिक सुरक्षा एवम् स्वास्थ्य बीमाको प्रभावकारिता, प्रदेश र स्थानीय सरकारलाई स्रोत साधन र अधिकार सम्पन्न तुल्याउने, निःशूल्क तथा सुरक्षित प्रसुती सेवाको सुनिश्चितता, स्वास्थ्य प्रणालीको सुदृढीकरणलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रेखा कुमारी झाले रौतहटका पत्रकार तथा नेपाल बौद्धिक परिषद् जिल्ला अध्यक्ष अनिल झा माथि भएको कुटपीट तथा दुर्व्यवहारको घटना उल्लेख गर्दै कानून बमोजिम निष्पक्ष अनुसन्धान र दोषी उपर कारबाहीको माग गर्नुभयो। अन्नको भण्डारको रुपमा रहेको मधेश प्रदेशमा सुरक्षित खानेपानी र भरपर्दो सिँचाईको प्रबन्ध गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रपति कार्यालयबाट मन्त्री पदमा नियुक्ति तथा विधेयक प्रमाणिकरण सम्बन्धी पत्रहरुको देहाय बमोजिमको बेहोरा जानकारी गराउनुभयोः-

क.

"विषयः जानकारी सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा संवत् २०८२ साल चैत १३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधान बमोजिम माननीय दीपक कुमार साह, सुनसरीलाई मन्त्री पदमा नियुक्त गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्हाल्ने गरी सम्माननीय प्रधानमन्त्रीको मिति २०८३ भदौ २५ गतेको सिफारिस बमोजिम तोक्नु भएको बेहोरा अनुरोध गर्दछु।

(माहादेव पन्थ)
सचिव
२०८३ भदौ २५"

ख.

"विषयः विधेयक प्रमाणीकरण सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहायको विधेयकको सक्कलै १ (एक) प्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध छ।

<u>देहाय</u>

ऐन नं.	विधेयकको नाम	प्रमाणीकरण भएको मिति
११.	नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३	२०८३/५/३१

(माहादेव पन्थ)

सचिव

२०८३ भदौ ३१"

त्यसपछि, मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता माननीय सदस्य रुकमिणी कोइरालाले आफ्नो प्रश्न सोध्नु हुँदा माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले माननीय सदस्यले सोध्नुभएको प्रश्नको जवाफ दिनुभयो।

तत्पश्चात, मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता माननीय सदस्य रुकमिणी कोइरालाले आफ्नो प्रश्न सोध्नु हँदा माननीय शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले माननीय सदस्यले सोध्नुभएको प्रश्नको जवाफ दिनुभयो।

तदुपरान्त, मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता माननीय सदस्य खम्म बहादुर खातीले आफ्नो प्रश्न सोध्नु हँदा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले माननीय सदस्यले सोध्नुभएको प्रश्नको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले "न्याय परिषद र न्याय सेवा आयोगको आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदन" पेस गर्नुभयो।

तत्पश्चात सम्माननीय अध्यक्षले, माननीय सदस्य मदन कुमारी शाह (गरिमा) प्रस्तावक र माननीय सदस्यहरू कमला पन्त, झक्कु प्रसाद सुवेदी, डा. प्रेम प्रसाद दंगाल, मोहम्मद खालिद, तुल प्रसाद विश्वकर्मा, खम्म बहादुर खाती र डा. अन्जान शाक्य समर्थक भई "सहायक प्रजनन प्रविधिको प्रयोग नियमन गर्न कानून निर्माण सम्बन्धी" सङ्कल्प प्रस्ताव दर्ता भएको बेहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सङ्कल्प प्रस्तावका प्रस्तावक माननीय सदस्य मदन कुमारी शाह (गरिमा)ले "सहायक प्रजनन प्रविधिको प्रयोग नियमन गर्न कानून निर्माण सम्बन्धी सङ्कल्प प्रस्ताव" सभा समक्ष पेश गर्नभयो।

तत्पश्चात, सङ्कल्प प्रस्तावका देहायका समर्थक माननीय सदस्यहरूले उक्त प्रस्तावको समर्थनसहित छलफलमा भाग लिनुभयो ।

१. माननीय सदस्य झक्कु प्रसाद सुवेदी
२. माननीय सदस्य डा. प्रेम प्रसाद दंगाल
३. माननीय सदस्य तुम प्रसाद विश्वकर्मा
४. माननीय सदस्य खम्म बहादुर खाती

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफलमा देहाय बमोजिम माननीय सदस्यहरूले भाग लिनुभयोः-

१. माननीय सदस्य युवराज शर्मा

२. माननीय सदस्य सुरेश कुमरा आलेमगर
३. माननीय सदस्य राजेन्द्र लक्ष्मी गौरै
४. माननीय सदस्य मीनासिंह रखाल
५. माननीय सदस्य सम्झना देवकोटा
६. माननीय सदस्य पुजा चौधरी

तत्पश्चात, माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले सङ्कल्प प्रस्ताव माथिको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले "सहायक प्रजनन प्रविधिको प्रयोग नियमन गर्न कानून निर्माण सम्बन्धी" सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले सभाबाट सर्वसम्मतिले पारित "सहायक प्रजनन प्रविधिको प्रयोग नियमन गर्न कानून निर्माण सम्बन्धी" सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले सभामा व्यक्त गर्नुभएका प्रतिवद्धता समेतको आधारमा प्राथमिकताका साथ कार्यान्वयन गर्न र हरेक ३ महिनामा कार्यान्वयन प्रगति सभासमक्ष पठाउन नेपाल सरकारलाई निर्देश गर्नुभयो। साथै, सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न सम्बन्धित विषयगत समितिहरूलाई निर्देश गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८३ साल असोज ५ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)
महासचिव